**हिमालयन डिष्टिलरी लिमिटेड, पर्साको**

**२५ (पच्चीसौ) वार्षिक साधारण सभाको निर्णय**

यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री शंकर राज पाण्डेको सभापतित्वमा मिति २०८२ साल कार्तिक ३० गते ( 16th November 2024) आइतवार विहान १०:०० वजे देखि १२:३० वजे सम्म विरगंन्ज म.न.पा. वडा नं.२१, लिपनिविर्ता पर्सा स्थित कम्पनीको रजिर्ष्टड कार्यालयमा सम्पन्न **पच्चीसौं बार्षिक साधारण सभामा** भएका छलफल तथा निर्णयहरु र अन्य कामकारवाही विवरण देहाय बमोजिम रहेका छन् ।

**१. उपस्थितीः**

**(क) सभामा उपस्थित संचालकहरु :**

| | |
|---|---|
| १. श्री शंकर राज पाण्डे | अध्यक्ष |
| २. श्री याङ्लिा (शेर्पा) रुइत | संचालक |
| ३. श्री बद्रि बिशाल घिमिरे | संचालक |
| ४. श्री प्रकाशमणी घिमिरे | स्वतन्त्र संचालक |

संचालक श्री सान्टु श्रेष्ठ र संचालक श्री शिखर प्रसाईं अस्वस्थ्य भएका कारण उपस्थित हुन नसक्नु भएको जानकारी सभा समक्ष गराइयो ।

**(ख) आमन्त्रीतः**

| | |
|---|---|
| १. श्री सुनिर कुमार ढुंगेल | एस.ए.आर एसोसियट्स् एण्ड चार्टड एकाउन्टेण्टस् (लेखा परीक्षक) |
| २. श्री कमलमोहन पोखरेल | निर्वाचन अधिकृत |

**(ग) उपस्थित अन्य पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री निरज सुबेदी | प्रमूख कार्यकारी अधिकृत |
| २. श्री वाम देव दहाल | प्रमूख संचालन अधिकृत |
| ३. श्री प्रविन पन्त | आन्तरिक लेखा तथा कम्लाईन्स प्रमूख |
| ४. श्री एलिना श्रेष्ठ | वित्त प्रमूख |
| ५. श्री निशा निरौला | कम्पनी सचिव |
| ६. श्री कृष्ण हरि अधिकारी | कारखाना प्रवन्धक |

**(घ) शेयरधनीहरुको उपस्थिती :**

(१) उपस्थित शेयरधनीहरु स्वयं र प्रतिनिधि मार्फत जम्मा : ७४ जना

(२) शेयरधनीहरुको उपस्थिती (प्रतिनिधित्व)संख्याः ५२.८ प्रतिशत

(३) सभामा उपस्थित शेयर संख्याको प्रतिनिधित्व :१,६२,१८,८४६ कित्ता

(४) जम्मा सभामा उपस्थित हुन पाउने शेयर शंख्या : ३,०७,३४,०१८ कित्ता

**(ङ) यस सभामा सहभागी हुन पाउने शेयरधनीहरुको कूल संख्या ६७,५२० का शेयरधनी मध्ये उपस्थित शेयरधनीहरु सवै सभामा उपस्थित हुन योग्य रहनु भएको थियो ।**

**२. छलफलका विषयसूची :**

नेपाल

**क. सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०८१/०८२ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि., हिमालयन फिसरीज लि. र हिमालयन ईन्डेवर अर्गानिक लि. को आ.व. २०८१।०८२ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५ प्रतिशतले हुने नगद लाभांश रु. १५,३६,७०,०९०।६१ (अक्षरुपी पन्ध्र करोड छत्तिस लाख सत्तरी हजार नब्बे रुपैंया एकसट्ठी पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।

५. आ.व.२०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका SAR Associates & Chartered Accountants लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने ( सिफारिस भएका SAR Associates & Chartered Accountants पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ ) ।

६. संचालक समितिमा रहनु हुने ५ (पांच) जना संचालकको आगामी ४ (चार) वर्ष अवधिका लागि चयन गर्ने ।

७. कम्पनीका विभिन्न ब्राण्डका मदिराहरुको उत्पादन अन्य कम्पनीबाट समेत गराउन सक्ने गरि Trademark Usage Agreement गर्ने ।

८. संचालक समितिका अध्यक्ष तथा सदस्यहरुको दुर्घटना तथा औषधोपचार विमा गर्ने विषय उपर छलफल गरि स्विकृत गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

९. कम्पनीको प्रवन्ध पत्रको दफा ३ (क) मा संसोधन गर्ने ।

१०. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको २० प्रतिशत (कायम १० शेयरमा २ बोनस शेयर जारी गर्न) का दरले हुने रु. ६१,४६,८०,३६२।४५ (अक्षरुपी एकसट्ठी करोड छयालिस लाख असी हजार तीन सय बैसट्ठी रुपैंया पैतालिस पैसा मात्र) वरावरको वोनस शेयर जारी गरी वितरण गर्न स्विकृत गर्ने ।

११. कम्पनीको साविकको अधिकृत पूजीं रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) बाट रु. रु.४,००,००,००,०००।०० (अक्षरुपी चार अरब मात्र) कायम गर्न स्विकृत गर्ने ।

१२. साविकको चुक्ता पूंजि रु.३,०७,३४,०१,८१२।२५ (तीन अरव सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) लाई वृद्धि गरी रु. ३,६८,८०,८२,१७४।७० (अक्षरुपी तीन अरव अडसट्ठी करोड असी लाख बयासी हजार एक सय चौहत्तर रुपैंया सत्तरी पैसा मात्र) कायम गर्न स्विकृत गर्ने ।

१३. साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा सोही अनुसार संसोधन गर्न स्विकृत गर्ने ।

१४. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदलको सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

नेपाल

१५. आ.व.२०८२।०८३ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

**३. सूचना प्रकाशन, गणपुरक संख्या तथा सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यस कम्पनीको पच्चीसौ वार्षिक साधारण सभाको सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने बिषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण र साधारण सभा सम्वन्धि सूचना समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक अर्थात मिति २०८२।०७।०२ र मिति २०८२।०७।०३ को आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) र यस कम्पनीको नियमावलीको नियम १३ (ग) बमोजिम सभाको काम कारवाही अगाडि वढाउनका लागी कूल शेयर संख्याको ५० प्रतिशत भन्दा वढि शेयर संख्याको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेकोमा यस सभामा शेयरधनी स्वयं वा प्रतिनिधी मार्फत जम्मा ७४ जना शेयरधनीको प्रतिनिधित्व भएको साथै सभामा भाग लिन पाउने जम्मा शेयर संख्याको ५० प्रतिशत भन्दा वढि शेयर संख्याको प्रतिनिधित्व भएकोले कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्था बमोजिम गणपुरक संख्या पुगेको र यो सभा कम्पनी ऐन, २०६३ को दफा ७३ र यस कम्पनीको नियमावलीको नियम १३(ग) बमोजिम गणपुरक संख्या पुगेको कुरा यकिन गरी आजको सभा वैधानिक भएको जानकारी सभामा गराईयो । साथै यस सभाका लागी आवश्यक कानून बमोजिमका सबै प्रकृया पुरा भएकोले कम्पनी ऐनको व्यवस्था अनुसार संचालक समितिका अध्यक्ष श्री शंकर राज पाण्डेले सभाको सभापतित्व ग्रहण गरि छलफलका विषयसूची अनुसार सभा आरम्भ गरियो ।

४. **सभाको आरम्भ :** मिति २०८२ आश्विन ३० गते वसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको पच्चीसौं वार्षिक साधारण सभा कम्पनीको रजिष्ट्र्ड कार्यालय, विरगन्ज-२१, पर्सामा विहान १०:०० वजे पानसमा दीप प्रज्वलन गरी सभा आरम्भ गरिएको थियो ।

५. **प्रतिवेदन प्रस्तुत :** यस कम्पनीको सभामा प्रस्तुत गरिएका विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री शंकर राज पाण्डेले सभामा उपस्थित शेयरधनी एवं कम्पनीका पदाधिकारी एवं अन्य उपस्थित माहानुभावहरुलाई सभामा उपस्थित भई यस साधारण सभाको गरिमा वढाई दिनु भएका सबैलाई स्वागत अभिवादन गर्दै आ.व. २०८१।०८२ को संचालक समितिको बार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । तत् पश्चात, सभाका सभापतिले सभा समक्ष कम्पनीको आ.व. २०८१।०८२ को लेखा परीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, मुनाफा, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, हिमालयन मल्टी एग्रो लिमिटेड, हिमालयन फिसरीज लिमिटेड र हिमालयन इण्डेभर अर्गानिक लिमिटेड समेतको एकिकृत आय व्याय विवरण, आ.व.२०८२।०८३ को लागि लेखा परीक्षकको नियुक्ती र निजको पारीश्रमिक निर्धारण, कम्पनीको संचालक समितिले नगद लाभांस र वोनस शेयर वितरण गर्ने प्रस्ताव, कम्पनीको प्रवन्ध पत्रको दफा ३(क) मा संसोधन लगायत नगद लाभांस र वोनस शेयर वितरण पश्चात कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीहरुमा हुने संसोधन लगायतका सभामा सामान्य प्रस्ताव र विषेश प्रस्तावहरु उपर छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई आव्हान गर्नु भयो ।

६. **शेयरधनी ज्यूहरुको राय, सुझाव, मन्तव्य र जिज्ञासा तथा सुझावहरु :** शेयरधनी चन्द्र नारायण श्रेष्ठले Email मार्फत लिखित मन्तव्य पठाउनु भएको र सो मन्तव्यमा बार्षिक साधारण सभा समयमा नै सम्पन्न गरेकोमा र ५ प्रतिशत नगद लाभांस र २० प्रतिशत बराबरको हुन आउने रु. ७६,८३,५०,४५३।०६ (छयहत्तर करोड त्रीयासी लाख पचास हजार चार सय त्रीपन्न रुपैया छ पैसा) शेयरधनीलाई वितरण गर्ने प्रस्ताव गरेकोले धन्यबाद व्यक्त गर्नुभएको छ । शेयरधनीहरुले कम्पनी बारे अध्ययन, चासो राख्ने, मन्तव्य व्यक्त गर्न बार्षिक प्रतिवेदन समयमा नै प्राप्तिका लागी कम्पनीले पहल वा उपलब्ध गराउने कार्यमा सहजता र प्रतिवेदन अध्ययन गरि सो प्रतिवेदन उपरका जिज्ञासाहरु

नेपाल

सभामा राख्नका लागि उपलब्ध नहुंदा कम्पनीलाई नै असर पर्ने र आगामी दिनहरुमा कम्पनीले इच्छुक शेयरधनीलाई कार्यालयमा बोलाएर बार्षिक प्रतिवेदन प्रदान गरिदिनुहुन आग्रह गर्नुभयो । त्यस्तै, Current Account मा रहेको ठूलो रकम Fixed Deposit मा र दैनिक कार्य संचालनको लागि मात्र पुग्ने Current Account मा राख्न अनुरोध गर्नुभएको छ । कम्पनीले घरेलु वजारको साथै Export गर्नका लागि बजार अध्ययन गर्ने कुरालाई प्रोत्साहन गर्नु भएको छ ।

त्यसै गरि, उपस्थित शेयरधनीहरु मध्ये संजोग श्रेष्ठले कम्पनीको हालै प्रकाशित कम्पनीको प्रथम त्रैमासिक प्रतिवेदनमा कम्पनीको सेल्स आम्दानी घटेको पाईयो । दशै, तिहार जस्तो चाड पर्वमा सेल्स आम्दानी वढ्नु पर्ने हैन ? के कारणवाट यस्तो हुन गएको हो ? बार्षिक प्रतिवेदन ढिलो प्राप्त भएकाले अध्ययन गर्न नसकिएको, नेपाली भाषामा नभई अंग्रेजी भाषामा रहेको, कम्पनीका श्रमिकहरुले पाउने सुविधा गत वर्षको भन्दा दोब्बर भन्दा वढि रहेको, यस हिसावले कम्पनीको Net Profit मा पनि बृद्धि हुन नसक्नुको कारण र विभिन्न Expenses Overhead जस्तै प्रमोशनल खर्च, भ्रमण खर्च, गेष्ट इण्टरटेनमेन्ट खर्च आदिमा विगतका आ.ब.मा भन्दा बृद्धि हुनको कारण, कम्पनीका सहायक कम्पनीमा भएको लगानीले शेयरधनीहरुलाई कस्तो प्रभाव पार्दछ ? स्पष्ट गर्न आग्रह गर्नुभयो । Sales Growth थोरै भए पनि profit After Tax बढि भएको कारण के हो र ब्याज आम्दानी किन घट्न गएको हो ? त्यसैगरी, शेयरधनीहरुले आफूले लगानी गरेको कम्पनीको उत्पादन गर्ने स्थानको जानकारी लिनका लागि के कस्तो व्यबस्था रहेको छ भनी जिज्ञासा व्यक्त गर्नु भयो । सो जिज्ञासा उपर निम्नानुसारको प्रतिउत्तर दिइयो ।

माथि उल्लेखित प्रश्नहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु भयो । दशैं, तिहारमा बिक्रि आम्दानी वढ्ने अपेक्षा हुंदाहुंदै पनि प्राकृतिक विपत्ति (अत्याधिक बर्षा) तथा Zen Z को आन्दोलनको प्रभावले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विक्रि घट्न गएको हो । बार्षिक प्रतिवेदनको छपाउने कार्यका लागि संचालक समितिले निर्णय गरेपछि मात्र छपाउनु पर्ने भएकोले मिति २०८२ आश्विन ३० गते बसेको संचालक समितिले निर्णय गरे पश्चात केही समय तिहार र छठको चाडपर्व लगायत कारण र तयार भएका कागजातहरु Editing मा समय लागेकोले यो बर्ष अलिक समय लागेको र आगामी दिनमा सके सम्म चाडो प्रकाशन गर्ने पहल हुनेछ भन्नु भयो । साथै, शेयरधनी महानुभावहरुको सहजताका लागि बार्षिक प्रतिवेदन र आय व्यय विवरण सहितको प्रतिवेदन तयार भए लगतै कम्पनीको वेबसाइटमा अपलोड गरिएको भनी उल्लेख गर्नुभयो । कम्पनीलाई अन्तराष्ट्रिय जगतमा चिरपरिचित बनाउने उदेश्यले योजनाहरु बनाइरहदा बार्षिक प्रतिवेदन अंग्रजी भाषामा प्रकाशन गरि अन्तराष्ट्रिय स्तरको पहिचान दिन खोजिएको र Institute of Chartered Accountants of Nepal (ICAN) ले मान्यता (recognition) दिने बार्षिक प्रतिवेदनको मुल्याङ्कनमा कम्पनीले विगत ३ बर्षदेखि राष्ट्रिय उत्कृष्ट प्रस्तुतीकरण पुरस्कार प्राप्त गरेको र उक्त प्रतिस्पर्धाको लागि पनि अंग्रेजी भाषा उपर्युक्त हुने भएकोले बार्षिक प्रतिवेदन अंग्रजी भाषामा प्रकाशन गरिएको जानकारी गराउनु भयो । त्यसैगरि कम्पनीको कर्मचरीहरुलाई नेपाल वित्तिय प्रतिवेदन मानकको मान्यता अनुसार तयार गर्दा आउने ऐन, नियम अनुसारको रकम प्रदान गरिने बोनस, तलब, भत्ता तथा अन्य सुविधाहरु रकम हो । बढ्दो कच्चा पदार्थको मुल्य, इन्धनको मुल्य, ढुवानी र लजिस्टिकको लागत, नयां प्रविधिका उपकरणहरुको बढ्दो महगांईहरुका कारण Expenses Overhead मा विगतका आ.ब.मा भन्दा बृद्धि हुन गएको हो । कम्पनीका सहायक कम्पनी हिमालयन मल्टि एग्रो लि. को उदेश्य पशुपंछीको लागि पेष्ट, ड्राइ केक उत्पादन गर्ने/प्याकिङ गर्ने, हिमालयन फिसरिज लि. को उदेश्य माछा, गाई, भैसी लगायतका पशुपंक्षीको पालन गर्ने, हिमालयन इण्डेभर अर्गानिक लि. को उदेश्य पानी, जुस, टनिक पानी लगायतका अन्य नन-अल्कोहलिक बेभरेजेज उत्पदन तथा विक्रि वितरण गर्ने र आलु चिप्स, प्राउन, स्नाक उत्पादन गर्ने रहेको छ। व्यवसायलाई सहयोग पुगोस भन्ने हेतुले सहायक कम्पनीहरु स्थापना गरिएको हो । सहायक कम्पनीको चुक्ता पूंजीको विषयमा उल्लेख भएको जिज्ञासामा १०० प्रतिशत यसै कम्पनीको लगानी भएको हो । सहायक कम्पनीको खर्च एकमुष्ट प्रस्तुत गरिने भएकोले लाभासं पनि अन्तत मुख्य कम्पनीमै आउने हो भनी जानकारी गराउनु भयो । कम्पनीले लागत- सक्षमतायुक्त रुपमा व्यवसायिक समीकरण योजना बनाउने भएकोले बिक्रि बृद्धि ७३ प्रतिशतले बढ्दा कर पछिको नाफा १६१ प्रतिशतले बढ्न पुगेको छ र व्याज आम्दानी घट्न होइन बिगतको बर्षमा भन्दा १७.६ प्रतिशतले बढ्न गएको छ । अप्रत्यक्ष खर्चहरुलाई तरिकाले भन्दानी सापेक्षीत तरिकाले विक्रि अनुपातमा हेर्दा अझ बढी स्पष्ट हुने कुरा दर्शाउनु भयो । कम्पनीको संचालक समितिको अध्यक्षले शेयरधनीहरुले आफूले लगानी गरेको कम्पनीको उत्पादन गर्ने स्थानको

नेपाल

अवलोकन गर्न साधारण सभा भएको दिन भ्रमणको लागि व्यबस्था मिलाउन सकिने भनी जानकारी प्रदान गर्नु भयो । त्यसैगरि, आफूले लगानी गरेको कम्पनीका उत्पादनहरुको बिक्रिमा समेत आ-आफ्नो स्थानबाट सहयोग गरिदिनका लागि सभामा राख्न भयो ।

**७. सभाबाट भएका निर्णयहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. **संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने आ.व.२०८१।०८२ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर सभामा विस्तृत छलफल भई सर्व सम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आ.ब.२०८१/०८२ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने :** लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ अषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०८१।०८२ को नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वितीय विवरण उपर छलफल गरि सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. **यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि., हिमालयन फिसरीज लि. र हिमालयन ईन्डेभर अर्गानिक लि. को आ.व. २०८१।०८२ को वित्तीय विवरण सहितको एकिकृत** (Consolidated) **वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्नेः** यस कम्पनीको सहायक कम्पनीहरु : हिमालयन मल्टी एग्रो लिमिटेड, हिमालयन फिसरीज लिमिटेड र हिमालयन ईन्डेभर अर्गानिक लिमिटेडको आ.व.२०८१/०८२ को वितीय विवरण सहितको एकिकृत ( Consolidated) वित्तीय विवरण माथि छलफल गरी सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिंको ५ प्रतिशतले हुने नगद लाभांश रु. १५,३६,७०,०९०।६१ (अक्षरुपी पन्ध्र करोड छत्तिस लाख सत्तरी हजार नब्बे रुपैया एकसठ्ठी पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने :** पच्चीसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०८२ कार्तिक १९ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिंको ५ प्रतिशतले हुने नगद लाभांश १५,३६,७०,०९०।६१ (अक्षरुपी पन्ध्र करोड छत्तिस लाख सत्तरी हजार नब्बे रुपैंया एकसठ्ठी पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) मात्र वितरण गर्न स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

५. **आ.व.२०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका** SAR Associates & Chartered Accountants **लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका** SAR Associates & Chartered Accountants **पुनः नियुक्तीका लागि योग्य हुनु हुन्छ ) :** लेखा परीक्षण समिति तथा संचालक समिति समेतको सिफारिस बमोजिम कम्पनीको आ.व.२०८२।०८३ को लेखा परीक्षकमा SAR Associates & Chartered Accountants लाई नियुक्ती गर्ने र लेखा परीक्षण सम्वन्धि कार्य गरे वापत कर वाहेक रु.४,५०,०००।०० (अक्षरुपी चार लाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्व सम्मत गरियो ।

६. **संचालक समितिमा रहनु हुने ५ (पांच) जना संचालकको आगामी ४ (चार) वर्ष अवधिका लागि चयन गर्ने :** प्रस्तुत विषयका सम्वन्धमा मिति २०८२ असोज ३० गते वसेको संचालक समितिको वैठकले यस कम्पनीको संचालक सदस्यहरुको निर्वाचन संग सम्वन्धि सम्पुर्ण कार्य गर्नका लागि निर्वाचन अधिकृतमा अधिवक्ता कमलमोहन पोखरेललाई नियुक्ती गरिएको व्यहोरा सभालाई जानकारी गराइयो र सोही अनुसार निर्वाचन अधिकृतबाट निर्वाचन सम्बन्धि काम कारवाही अघि बढाइएको हुंदा सो सम्बन्धमा विस्तृत जानकारी सहितको निर्वाचन परिणाम घोषणा समेत गरि दिनका लागि सभाध्यक्षले निर्वाचन अधिकृतलाई आग्रह गर्नुभयो ।

निर्वाचन अधिकृतले सभामा उपस्थित हुनु भएका शेयरधनी महानुभाव, सभाका अध्यक्ष र संचालक समितिका सदस्यहरुलाई स्वागत गर्दै आफूलाई सुम्पेको कार्यभार निष्पक्ष र ऐन नियमको परिधिमा रहेर सम्पन्न गरेको जानकारी दिनका साथ साथै निर्वाचन सम्वन्धि प्रकाशित कार्यक्रमका विषयमा समेत जानकारी गराउनु भयो । सो अनुसार

मिति २०८२।०७।१८ गते अपरान्ह २:०० वजे निर्वाचन कार्यक्रम प्रकाशित गरेको, मिति २०८२।०७।२५ गते १० वजे शेयरधनी सदस्यहरु (मतदाता) को नामावली प्रकासन गरिएको, मिति २०८२।०७।२६ गते अपरान्ह १०:०० वजे मतदाताहरुको अन्तिम नामावाली प्रकासन गरेको, निर्वाचन कार्यक्रम अनुसार मिति २०८२।०७।२६ गते उम्मेदवारको मनोनयन दर्ता र नामावली प्रकासन गर्ने रहेकोमा सोहि दिन दिनको १:३० वजे सम्म उम्मेदवार दिने शेयरधनीहरुको मनोनयन दर्ता र अपरान्ह ४:०० वजे उम्मेदवारको नामावली प्रकासन गरिएको, मिति २०८२।०७।२७ गते उम्मेदवारको नामावली दावी विरोध र नामावली फिर्ता गर्ने कार्यक्रम उपर कोहि कसैको दावी विरोध नआएको र मिति २०८२।०७।२८ मा श्री अर्जुन पन्तले मध्यान्ह १२:२० बजे उम्मेदवारको नामावली फिर्ता लिनु भएकोले मनोनयन दर्ता गर्ने कम्पनीका शेयरधनीहरु मध्येबाट शंकर राज पाण्डे (जिल्ला काठमाण्डौं, का.म.न.पा.वार्ड नं.१०, बानेश्वर हाईट), श्रीमती याङ्कीला शेर्पा रुईत (काठमाण्डौ, का.म.न.पा.वार्ड नं.१, नक्साल), श्री शिखर प्रसाईं ( का.म.न.पा.वार्ड नं.११, थापाथली, काठमाण्डौं), श्री बद्रि बिशाल घिमिरे (म.थि.न.पा.वार्ड नं. ३, कौशलटार, भक्तपुर), श्री साण्टु श्रेष्ठ (का.म.न.पा.वार्ड नं.११, थापाथली, काठमाण्डौं) को मात्र उम्मेदवारी परे अनुसार अन्तिम नामावली २०८२ कार्तिक २८ गते अपरान्ह ४:३० वजे प्रकासन गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

यसरी तपशिलमा उल्लेख भए बमोजिमका जम्मा ५(पांच) जना मात्र कम्पनीका शेयरधनीहरुको कम्पनी संचालक सदस्यमा उम्मेदवारी परेको हुनाले कम्पनी ऐन, २०६३ को दफा ९०(२) र यस कम्पनीको नियमावलीको नियम ६ (क) वमोजिम वढिमा आगमी ४ (चार) वर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भई निर्विरोध निर्वाचित हुनु भएका सम्पूर्ण संचालक सदस्यहरुलाई संचालक सदस्यमा निर्विरोध निर्वाचित हुनु भएको प्रमाण पत्र वितरण गर्दै सफल कार्यकालको शुभकामना समेत दिनु भयो ।

**तपशिल**

| क.श. | उम्मेदवारको नामावली | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री शंकरराज पाण्डे | काठमाण्डौं, का.म.न.पा,वार्ड नं.–१०, पुरानो वानेश्वर | |
| २. | श्रीमती याङ्कीला शेर्पा रुईत | काठमाण्डौं, का.म.न.पा.वार्ड नं.–१, नक्साल | |
| ३. | श्री शिखर प्रसाईं | का.म.न.पा.वार्ड नं. ११, थापाथली, काठमाण्डौं | |
| ४. | श्री बद्रि बिशाल घिमिरे | म.थि.न.पा.वार्ड नं. ३,कौशलटार, भक्तपुर | |
| ५. | श्री साण्टु श्रेष्ठ | का.म.न.पा.वार्ड नं. ११, थापाथली, काठमाण्डौं | |

७. **कम्पनीका विभिन्न ब्राण्डका मदिराहरुको उत्पादन अन्य कम्पनीबाट समेत गराउन सक्ने गरि Trademark Usage Agreement गर्ने** : यस कम्पनीका नाममा दर्ता भई साविकमा साधारण सभावाट स्विकृत भई अद्यावधिक रहेका Trademark Usage Agreement अनुसार अन्य उद्योगहरु (साविक विजय डिष्टिलरी प्रा.लि.हाल नाम परिवर्तन भई कायम जावलाखेल डिष्टिलरी प्रा.लि., नवलपरासी र रोलिङ्ग रिभर डिष्टिलर्स प्रा.लि.चितवन) वाट सम्झौतामा उल्लेख भएका व्राण्डहरुको उत्पादन तथा विक्री वितरणको कार्यलाई निरन्तरता दिने र अन्य दर्ता कायम भएका व्राण्डहरुलाई कम्पनीको हित र आवश्यक्तालाई मध्यनजर गरी अन्य उद्योगहरु संग Trademark Usage Agreement सम्पन्न गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्व सम्मत निर्णय गरियो ।

८. **संचालक समितिका अध्यक्ष तथा सदस्यहरुको दुर्घटना तथा औषधोपचार विमा गर्ने विषय उपर छलफल गरि स्विकृत गर्ने** : संचालक समितिका अध्यक्ष तथा सदस्यहरुको दुर्घटना तथा औषधोपचार विमा गर्ने विषयमा संचालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई अधिकतम रु. ५,००,०००।०० (पाँच लाख मात्र) सम्मको जोखिम वहन गर्ने गरि स्वास्थ्य विमा र अधिकतम रु. १०,००,०००।०० (दश लाख मात्र) सम्मको दुर्घटना विमा सुविधा र सो वापत लाग्ने विमा शुल्क कम्पनीबाट भुक्तानी गर्ने निर्णय सर्व सम्मतीले गरियो । साथै संचालक समितिका

अध्यक्ष तथा सदस्यहरुको दुर्घटना तथा औषधोपचार विमा लागू गर्नका लागि आवश्यक प्रकृया अघि बढाउन कम्पनीको व्यवस्थापनलाई अख्तियार प्रदान गर्ने निर्णय गरियो । प्रस्तुत प्रस्ताव उपरको छलफल र निर्णयमा संचालक समितिका सदस्यहरु सहभागी हुनु भएन ।

**ख. विषेश प्रस्तावहरुः**

**९.कम्पनीको प्रवन्ध पत्रको दफा ३ (क) मा संसोधन गर्ने :** संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ३ (क) मा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

**दफा ३(क)**:स्विकृत लिनु पर्ने निकायबाट स्विकृत लिई आधुनिक प्रविधियुक्त मेसिन जडित उद्योगको स्थापना गरी स्प्रिट तथा मदिरा उत्पादन गर्ने । उद्योगवाट सवै किसिमका उच्चकोटी र निम्नकोटीका मदिराहरुः, ब्हिस्की, ब्राण्डी, रम, जिन, जेनेभा, ककटेल, मक्टेल, छ्याङ्ग, स्प्रिट, माल्ट स्प्रिट, स्याम्पेन, शेरी, अल्कोहल मिश्रित तयारी पेय (Ready-To Drink Alcoholic Beverage, RTDAB) लगायत विभिन्न शक्ती र साईजमा विभिन्न किसिमका स्प्रिट मिश्रण, ब्लेण्ड गरेका मदिराजन्य वस्तुहरुको उत्पादन तथा विक्री वितरण गर्ने, निर्यात गर्ने, उत्पादित मदिराहरुलाई पुनः प्रसोधन गरी उत्पादन गर्ने, स्प्रिट रिडिस्लेशन गर्नका साथै कम्पनीको कारखानावाट उत्पादन भएका, खरिद गरिएका माल्ट, माल्ट स्प्रिट, स्प्रिट तथा मेचियोर स्प्रिटलाई म्याचुरेशन, एजिङ्ग गर्ने, यस्ता स्प्रिटको प्रयोग गरि मदिरा उत्पादन गर्ने र वढि भएको विभिन्न किसमको स्प्रिटहरु अन्य उद्योगलाई विक्री वितरण गर्ने, निर्यात गर्ने ।

**१०. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको २० प्रतिशत (कायम १० शेयरमा २ बोनस शेयर जारी गर्न) का दरले हुने रु. ६१,४६,८०,३६२।४५ (अक्षरुपी एकसठ्ठी करोड छयालिस लाख असी हजार तीन सय बैसठ्ठी रुपैंया पैतालिस पैसा मात्र) वरावरको वोनस शेयर जारी गरी वितरण गर्न स्विकृत गर्ने :**

पच्चीसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०८२ कार्तिक १९ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको २० (वीस) प्रतिशतले हुने रु. ६१,४६,८०,३६२।४५ (अक्षरुपी एकसट्ठी करोड छयालिस लाख असी हजार तीन सय बैसट्ठी रुपैंया पैतालिस पैसा मात्र) वरावरको वोनस शेयर जारी गरी वितरण गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

**११. कम्पनीको साविकको अधिकृत पूजीं रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) बाट रु. रु.४,००,००,००,०००।०० (अक्षरुपी चार अरब मात्र) कायम गर्न स्विकृत गर्ने :** संचालक समितिले सिफारिस बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूँजी रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरव पचास करोड मात्र) बाट वृद्धि गरि रु.४,००,००,००,०००।०० (अक्षरुपी चार अरब मात्र) कायम गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

**१२. साविकको चुक्ता पूंजिं रु.३,०७,३४,०१,८१२।२५ (तीन अरव सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) लाई वृद्धि गरी रु. ३,६८,८०,८२,१७४।७० (अक्षरुपी तीन अरव अडसठ्ठी करोड असी लाख बयासी हजार एक सय चौहत्तर रुपैंया सत्तरी पैसा मात्र) कायम गर्न स्विकृत गर्ने :** संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको चुक्ता पूंजिं रु. रु.३,०७,३४,०१,८१२।२५ (तीन अरव सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) लाई वृद्धि गरी रु. ३,६८,८०,८२,१७४।७० (अक्षरुपी तीन अरव अडसठ्ठी करोड असी लाख बयासी हजार एक सय चौहत्तर रुपैंया सत्तरी पैसा मात्र) कायम गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

**१३. साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको ५ (क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा सोही अनुसार संसोधन गर्न स्विकृत गर्ने ।**

संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूँजी र जारी पूँजींमा वृद्धि हुने निर्णय सर्व सम्मतिले भएको तपशिलमा उल्लेख भए बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

**प्रवन्ध पत्रको दफा, ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधीत व्यवस्था:**

**दफा ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु.४,००,००,००,०००।०० (चार अरब ) हुनेछ । उक्त पूँजीलाई रु.१००।०० का दरले ४,००,००,००० (चार करोड ) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**दफा ५(ख) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु.३,६८,८०,८२,१७४।२५ (तीन अरव अठसठ्ठी करोड, असी लाख वयासी हजार एक सय चौहत्तर पैसा पचीस मात्र) हुनेछ ।

**दफा ५(ग) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी मध्ये ३,६८,८०,८२२ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**<u>नियमावलीको नियम ५(क), ५(ख), ५(घ) र ५(ङ) मा कायम भएको संसोधित व्यवस्था:</u>**

**नियमावलीको नियम ५(क):**

कम्पनीको अधिकृत पूँजी रु.४,००,००,००,०००।०० (चार अरब ) हुनेछ । उक्त पूँजीलाई रु.१००।०० का दरले ४,००,००,००० (चार करोड ) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**नियमावलीको नियम ५(ख):**

कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु.३,६८,८०,८२,१७४।२५ (तीन अरव अठसठ्ठी करोड, असी लाख वयासी हजार एक सय चौहत्तर पैसा पचीस मात्र) हुनेछ ।

**नियमावलीको नियम ५(घ):**

कम्पनीको जारी पूँजी मध्ये ३,६८,८०,८२२ थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन ।

**नियमावलीको नियम ५(ङ):**

कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये रु. ३,६८,८०,८२२ कित्ता शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

**१४.कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदलको सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने :**

कम्पनीको पच्चीसौं वार्षिक साधारण सभामा भएको निर्णय अनुसार कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक फेरवदल वा संसोधन, थप आदिका विषयमा अभिलेख गर्ने क्रममा नियमनकारी निकायबाट कुनै संसोधन, राय सुझावहरु आएमा सो सुझाव अनुसार गर्नका लागि वा यस निर्णय अनुसार नियमनकारी निकायबाट निर्णय, स्विकृती वा अभिलेख आदी गर्न गराउनका लागि केही संसोधन फेरबदल गर्नुपरेमा सो सम्बन्धी आवश्यक कार्य गर्न यस कम्पनीको संचालक समितिलाई सम्पुर्ण अख्तियारी दिने निर्णय सर्व सम्मत रुपमा पारित गरियो ।

**१५.आ.व.२०८२।०८३ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने :**

प्रस्तुत विषयमा छलफल गर्दा आ.व.२०७६।०७७ मा रु.८,१२,८०२।००, आ.व.२०७७।०७८ मा रु.३,७९,७५३।००, आ.व.२०७८।०७९ मा रु. २,१०,७००।००, आ.व.२०७९।०८० मा रु १,५१,०११।००, आ.व.२०८०।८१ मा रु. २,०३,५३५।०० र आ.व.२०८१।०८२ मा रु. १,७९,००२।०० मात्र कम्पनी ऐन, २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरेको शिर्षकमा खर्च भएको कम्पनीको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा परीक्षण प्रतिवेदनबाट देखिएता पनि भविष्यमा पर्न सक्ने आवश्यकता र परिस्थीतिलाई मध्यनजर गरि चालु आ.व.२०८२।०८३ का लागि उक्त शिर्षकमा रु.१५,००,०००।०० सम्मको खर्च पूर्व स्विकृतीका लागि संचालक समितिबाट समेत सिफारिस भई आएकोले सो वमोजिमको खर्चलाई पूर्व स्विकृत प्रदान गर्ने निर्णय सर्व सम्मतीले गरियो ।

**१६.विविध :** साधारण सभाको सूचना अनुसार शेयरधनी चन्द्र नारायण श्रेष्ठको Email मार्फत पठाउनुभएको लिखित मन्तव्य र जिज्ञासा साथै संजोग श्रेष्ठले साधारण सभामा उपस्थित भई जिज्ञासा व्यक्त गर्नु भएको विषयहरुमा माथि नै छलफल गरि सकिएको जानकारी यस सभालाई गराईयो ।

अन्त्यमा, उपस्थित सम्पूर्ण शेयरधनीहरु, आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष, पूर्व प्रवन्ध संचालक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु र कम्पनीका कर्मचारी एवं श्रमिकहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा समापन गर्नु भयो ।

..................
शंकर राज पाण्डे
संचालक समितिका अध्यक्ष तथा सभाका सभापति
मितिः २०८२।०७।३०
कम्पनीको छापः

..................
निशा निरौला
कम्पनी सचीव
मितिः २०८२।०७।३०